FIFA WORLD CUP RUSSIA 2018




# दुई दशकपछि क्रोएसिया सेमिफाइनलमा

## रूसको पेनाल्टीमा दुर्घटना

मस्को, (एजेन्सी)

आयोजक रुसलाई पेनाल्टी शुटआउटमा हराउँदै क्रोएसिया २ दशकपछि फिफा विश्वकपको सेमिफाइनलमा प्रवेश गरेको छ।

पेनाल्टी शुटआउटमा दोस्रोपटक भाग्यशाली रहँदै क्रोएसिया जारी विश्वकप फुटबलको अन्तिम ४ मा पुगेको हो। क्रोएसियाले शनिबार फिस्ट ओलम्पिक स्टेडियममा थ्रिलर पेनाल्टी शुटआउटमा रुसलाई उसकै मैदानमा ४-३ ले पराजित गर्‍यो। निर्धारित र अतिरिक्त समयसम्म २-२ गोलको बराबरीमा खेल टुंगिएपछि विजेताको छिनोफानो पेनाल्टी शुटआउमार्फत् भएको थियो। यी दुवै टोली अघिल्ला खेलमा पेनाल्टी शुटआउटमा भाग्यमानी बन्दै क्वाटरफाइनलमा पुगेका थिए।

फ्रान्समा सन् १९९८ मा भएको विश्वकपमा सेमिफाइनलको यात्रा तय गरेयता क्रोएसियाको यो दोस्रो विश्वकप सेमिफाइनल हो। सो विश्वकपमा क्रोएसिया आयोजक फ्रान्ससँग पराजित हुँदै फाइनल पुग्न असफल भएको थियो। तेस्रो स्थानको खेलमा भने नेदरल्यान्ड्सलाई हराउँदै क्रोएसियाले डेब्यू गरेको विश्वकपमा नै तेस्रो स्थान हासिल गर्न सफल भयो। रुसले २ पेनाल्टी गुमाएको थियो भने दुवै गोलकिपरले १/१ पेनाल्टी रोकेका थिए। रुसका लागि अतिरिक्त आधा घन्टाको समयमा बराबरी गोल फर्काउने मारियो फर्नान्डेजले टाइब्रेकरमा गोल गर्न नसक्नु नै आयोजक टोलीको दुर्भाग्य बन्न पुग्यो। त्यसअघि क्रोएसियाका गोलकिपर डानिजे सुबासिचले रुसका फेडोर समोलोभको पेनाल्टी रोकेका थिए।

क्रोएसियाका लागि मार्सेलो ब्रोजोभिचले पहिलो पेनाल्टीमा गोल गरे भने माटेउ कोभासिसको पेनाल्टी रुसी गोलकिपर इगोलर अकिनफिभले रोकेका थिए। रुसका लागि दोस्रो पेनाल्टी हानेका एलन जेगोएभले गोल गरे। तर फर्नान्डेजको प्रहार गोलपोस्ट नजिकबाट बाहिरिएपछि रुस पछि परेको थियो। क्रोएसियाका लागि तेस्रो पेनाल्टीमा लुका मोड्रिच र चौथोमा डोमागोज भिडाले गोल गरे।

यता रसियाका चौथो पेनाल्टी प्रहारकर्ता सेरेगेइ इगानसेभिचले र डालेन कुजेयभले गोल गर्दा ३-३ को बराबरीमा थियो। अन्तमा क्रोएसियाका इभान राकिटिचले गोल गर्दै क्रोएसियालाई जित दिलाए। जसले डेनमार्कविरुद्ध पनि पाँचौ पेनाल्टी गोल गरेका थिए।

### रूसले अग्रता लियो

यसअघि रुसले खेलको ३१औं मिनेटमा अग्रता लिएर घरेलु टोली र दर्शकलाई खुसी मनाउन बाध्य बनाए। डेनिस चेरिसेभले डी एरिया बाहिरबाट विपक्षी गोलकिपरलाई कुनै मौका नदिई उत्कृष्ट गोल गरेका थिए। तर उक्त अग्रता धेरै समयसम्म भने टिकेन। क्रोएसियाले खेलको ३९औं मिनेटमा बराबरी गोल फर्काउन सफल भयो। स्ट्राईकर मान्डुजिकीचको क्रसमा आन्द्रेज करामारिकले हेडमार्फत गोल गरेका थिए।

निर्धारित ९० मिनेटको खेल १-१ को बराबरीमा टुंगिएपछि खेल थप समयसम्म लम्बिएको थियो। थपिएको ३० मिनेट पनि रोमाञ्चक बनेको थियो। १ सय १ मिनेटमा डिडेले हेडमार्फत् गोल गरेर क्रोएसियालाई २-१ ले अग्रतामा राखे। रुसले १ सय १५औं मिनेटमा बराबरी गोल फर्काए। फ्रि किकमार्फत् प्राप्त बललाई फर्नान्डेजले हेडमार्फत क्रोएसियाको जाली चुमाएका थिए। अब सेमिफाइनलमा क्रोएसियाले इङ्ल्यान्डसँग खेल्नेछ।






# सामडोभले लिए सन्यास

मस्को, (एजेन्सी)

फिफा विश्वकप २०१८ को क्वाटरफाइनलमा क्रोएसियासँग पराजित भएपछि रुसी मिडफिल्डर एलेक्जेन्डर सामडोभले राष्ट्रिय टिमबाट सन्यासको घोषणा गरेका छन्।

३३ वर्षीय फुटबलर सामडोभले शनिबार क्वाटरफाइनलमा क्रोएसियसँग पराजित भएपछि सन्यासको घोषणा गरेका हुन्। क्रोएसियासँग हारेपछि आफूलाई मिश्रित अनुभव भएको उनले बताए। उनले भने- 'मैले निर्णय लिइसकेँ, मेरा लागि अब छाड्ने समय आएको छ। यो नै राष्ट्रिय टिमका लागि मेरो अन्तिम खेल हो। हामीले समर्थकलाई गर्व गर्न लायक काम गर्‍यौं किनकी हामीले राम्रो फुटबल खेल्यौं। यसरी अन्त्य हुनु दुःखद् हो।' सामडोभ सन् २०११ मा रसियन राष्ट्रिय टिममा छनोट भएका थिए। उनले ५३ खेल खेल्दै ७ गोल गरेका छन्।



# नेयमार गोल प्रयासमा अगाडि

मस्को, (एजेन्सी)

जारी विश्वकपबाट नेयमारको टोली ब्राजिल बाहिरिसकेको छ।

ब्राजिल बाहिरिएसँगै ब्राजिलका स्टार खेलाडी नेयमारलगायत प्रतिभाशाली खेलाडी घर फर्किसकेका छन्। क्वाटरफाइनलमा बेल्जियमसँग पराजित भएपछि ब्राजिल जारी विश्वकप फुटबलबाट बाहिरिएको हो। यद्यपि नेयमार भने आलोचना र प्रसंशाको पात्र बनेका छन्।

प्रतियोगिताका क्रममा सामान्य फाउल हुँदा पनि ठूलो नाटक गरेको भन्दै आलोचना भएका उनी गोल प्रयासमा भने सर्वाधिक अगाडि देखिएका छन्। उनी प्रतियोगिताको क्वाटरफाइनल चरणको खेलसम्म गोलका लागि सर्वाधिक प्रयास गर्ने खेलाडीको सूचीको शीर्ष स्थानमा रहेका छन्। रुस विश्वकपको शनिबारसम्मको खेलमा गोलका लागि अन्य कुनै पनि टोलीका कुनै पनि खेलाडीले भन्दा बढी प्रहार गरेर उनले नयाँ रेकर्ड राखेका हुन्। नेयमारले विश्वकपमा ब्राजिलले खेलेका सबै म्याच खेले।

त्यसक्रममा उनले ४ सय ५० मिनेट मैदानमा बिताए। त्यो अवधिमा उनले विपक्षी टोलीको गोलपोस्टमा २७ पटक प्रहार गरेका थिए। तीमध्ये १३ प्रहार शट अन टार्गेट हुँदा ५ प्रहार मात्र 'अफ टार्गेट' भएका छन्। यस्तै उनका ९ वटा प्रहारलाई विपक्षी रक्षक र गोलरक्षकले रोकेका थिए।

# चीनको प्रायोजन विश्वकपमा

बेइजिङ, (एजेन्सी)

पछिल्ला ४ वर्षमा संसार धेरै परिवर्तन भएको विश्वकप फुटबलको प्रायोजकलाई हेरेर अनुमान लगाउन सकिन्छ। रुसमा भइरहेको विश्वकपमा ३ प्रायोजक छन्। जसमध्ये चीन एक हो। जबकी २०१४ विश्वकपमा चीन कही पनि थिएन। तर यसपटक चीनले ३५ प्रतिशत योगदान दिएको वर्ल्ड इकोनोमिक फोरमले जनाएको छ। प्रतियोगितामा प्रायोजन गरिरहेका १२ ठूला कम्पनीमा ४ कम्पनी चीनका हुन्।

विश्वका ३ अर्बभन्दा बढी दर्शकले विश्वकप फुटबल हेरिरहेका छन्। यसमा सबैभन्दा बढी चीनकै छन्। २००६ देखि जापानका कम्पनी एसियन ब्रान्डले प्रतिनिधित्व विश्वकपमा गर्थे। तर अब कथा फरक भइसकेको छ। जबदेखि चीनले हात हाल्यो जापान पछि परेको छ।

चीनले १ तिहाई भागिदारी गरिहेको छ भने यो अमेरिकाकै भागिदारीसरह हो। चीन प्रतियोगितामा सहभागिता हुन नसके पनि व्यवसायका कारण विश्वकपसँग जुधिरहेको छ। चीनले एकपटक २००२ विश्वकपमा सहभागिता जनाएको थियो।



### सी फुटबलका फ्यान

चीनका राष्ट्रपति सी जिन पिङ फुटबलका फ्यान हुन्। चीनका लागि उनको तीन सपना छन्। एक विश्वकपमा भाग लिनु, दोस्रो प्रतियोगिताको आयोजक बन्ने र तेस्रो चीन जित्नु हो। चीनले फुटबललाई स्कुलमा विकास गरिरहेको छ। यसका लागि लगानी पनि गरिरहेको छ। साथै युरोपियन टोलीसँग प्रशिक्षण लिएर उनीहरूकै स्तरको खेल सिकाइरहेको छ। १ अर्ब ३७ करोडभन्दा बढी जनसंख्या भएको चीनले विश्वस्तरीय प्रतिभावान् खेलाडीको खोजी गरिरहेको छ।

### युरोप कम भयो

जापान विश्वकपमा लगातार सहभागिता जनाइरहे पनि चीनको अगाडि प्रायोजनको मामिलामा पछाडि नै छ। यसपटक युरोपियनले भन्दा एसियाले विश्वकपमा प्रायोजन गरेको छ। १९८६ विश्वकपमा युरोप, उत्तर अमेरिका र एसियाका ४-४ कम्पनीले प्रायोजन गरेका थिए। यस्तै १९९० मा उत्तरी अमेरिकी कम्पनीको प्रायोजन बढ्यो। युरोपियन टिम जित्ने भएकाले युरोपको कम्पनीको हिस्सा पनि बढिरह्यो तर रुसमा युरोपको एउटै कम्पनीबाट मात्र प्रायोजन भएको छ।

